## पुतलीबजार नगरपालिका

# पुतलीबजार नगरपालिका राजपत्र

## पुतलीबजार नगरकार्यपालिका द्वारा प्रकाशित

परिच्छेदः ४ अनुसुचीः ४ पुतलीबजार नगारपालिका स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

## पुतलीबजार नगरपालिकाको पशुपन्छी व्यवसायिक स्तरवृद्धि प्रोत्साहन परियोजना कार्यक्रम सञ्चालन कार्यविधि २०८३

मिति २०८३/०५/०४ गतेको नगरकार्यपालिका बैठकबाट स्वीकृत

पुतलीबजार नगरपालिकाको पशुपन्छी व्यवसायिक स्तरवृद्धि प्रोत्साहन परियोजना कार्यक्रम सञ्चालन कार्यविधि २०८३

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ भने कृषि क्षेत्रअन्तर्गत पशुपन्छी व्यवसायले रोजगारी सिर्जना, आयआर्जन वृद्धि, पोषण सुरक्षा तथा गरीबी न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। पछिल्ला वर्षहरूमा पशुजन्य उत्पादनको मागमा वृद्धि भए तापनि अधिकांश पशुपन्छी पालन व्यवसाय अझै निर्वाहमुखी अवस्थामा रहेको, उत्पादन लागत उच्च भएको, आधुनिक प्रविधिको प्रयोग न्यून रहेको तथा बजारीकरण व्यवस्थापन चुनौतीपूर्ण रहेको अवस्था विद्यमान छ।

पशुपन्छी क्षेत्रलाई निर्वाहमुखी प्रणालीबाट व्यावसायिक, प्रतिस्पर्धी तथा दिगो व्यवसायमा रूपान्तरण गर्न आवश्यक लगानी विस्तार, आधुनिक प्रविधिको प्रयोग, उत्पादन तथा उत्पादकत्व वृद्धि, रोग नियन्त्रण, गुणस्तरीय उत्पादन प्रवर्द्धन तथा बजार पहुँच अभिवृद्धि गर्न आवश्यक देखिएको छ। यसका साथै युवाहरूलाई स्वरोजगारतर्फ आकर्षित गर्दै कृषि उद्यमशीलताको विकास गर्न तथा स्थानीय स्तरमै उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा योगदान पुऱ्याउन पशुपन्छी व्यवसायको व्यावसायीकरण अपरिहार्य रहेको छ।

यसै सन्दर्भमा पशुपन्छी व्यवसाय सञ्चालन गरीरहेका कृषक, कृषि फर्म, समूह, सहकारी तथा उद्यमीहरूलाई उत्पादन वृद्धि, व्यवसाय विस्तार, प्रविधि हस्तान्तरण, पूर्वाधार विकास तथा प्रोत्साहनमूलक सहयोग उपलब्ध गराई व्यवसायिक स्तर अभिवृद्धि गर्ने उद्देश्यले पुतलीवजार नगरपालिकाले "पशुपक्षी व्यवसायिक स्तर वृद्धि/प्रोत्साहन परियोजना कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" जारी गरेको छ। यस कार्यविधिले कार्यक्रम सञ्चालन, छनोट प्रक्रिया, अनुदान व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन लगायतका विषयलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा उत्तरदायी बनाउने अपेक्षा गरीएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

क. यो कार्यविधिको नाम "मासुमा आत्मनिर्भर तथा स्वस्थ्य मासु उतपादन कार्यक्रम संचालन कार्यविधि" २०८२ रहेको छ ।

ख. यो कार्यविधि पुतलीवजार नगरपालिकोको नगर कार्यपालिका वाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

२. परिभाषाः

क. "कार्यालय" भन्नाले पुतलीवजार नगरपालिकाको नगरकार्यपालिका कार्यालयलाई सम्झनुपर्छ ।

ख. "शाखा" भन्नाले पुतलीबजार नगरपालिकाको पशु सेवा शाखालाई सम्झनुपर्छ ।

ग. "कार्यक्रम" भन्नाले मासुमा आत्मनिर्भर तथा स्वस्थ्य मासु उतपादन कार्यक्रमलाई सम्झनुपर्दछ ।

घ. "अनुदान" भन्नाले कार्यक्रम संचालनको लागि सम्बन्धीत साझेदारीलाई प्रदान गर्ने रकमलाई सम्झनुपर्दछ ।

ङ. "कार्यदल" भन्नाले कार्यालयबाट गठित कार्यदललाई संम्झनुपर्दछ ।

च."समुह वा समिति" भन्नाले कानुन बमोजिम सूचिकृत भएका/दर्ता भएका पशुपालक कृषक समूह वा समिति सम्झनुपर्छ ।

छ. "सहकारी"संस्था भन्नाले सहकारी ऐन ", २०७४ बमोजिम वा प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, पशुपालन, मत्स्य वा दुग्ध उत्पादन व्यवसाय सम्बन्धी/कार्य गर्ने उद्देश्यले स्थापित सहकारी संस्था सम्झनुपर्छ ।

ज. "लक्षित बर्ग" भन्नाले जिविकोपार्जन गर्न नसकेका एकल महिला ,दलित,विपन्न असहाय निम्न स्तरका कृषकहरुलाई सम्झनुपर्छ ।

३. उद्देश्यः

क. पशुपन्छी व्यवसाय सञ्चालन गरीरहेका कृषक, फर्महरूको व्यवसायिक स्तर अभिवृद्धि गर्नु।

ख. आधुनिक प्रविधि, सुधारिएको व्यवस्थापन तथा व्यवसायिक अभ्यासको प्रयोगमार्फत उत्पादन लागत घटाई उत्पादकत्व वृद्धि गर्नु।

ग. पशुपन्छीजन्य उत्पादनको गुणस्तर सुधार गरी बजारको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु।

घ. पशुपन्छी व्यवसाय विस्तार तथा पूर्वाधार विकासमा सहयोग पुर्‍याई रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्नु।

ङ. स्थानीय स्तरमा पशुपन्छीजन्य उत्पादन वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउनु।

च. कृषकहरूको आयआर्जन वृद्धि गरी गरीबी न्यूनीकरण तथा जीवनस्तर सुधारमा योगदान पुऱ्याउनु।

छ. पशुपन्छी व्यवसायमा युवाहरू, महिला तथा लक्षित वर्गको सहभागिता अभिवृद्धि गर्नु।

ज. पशुपन्छी क्षेत्रको व्यवसायिक विकासमार्फत स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउनु।

४. कार्यक्रम अन्तर्गत गरीने कियाकलापहरु

यो कार्यविधि अन्तर्गत रही संचालन गरीने कियाकलापहरु निम्नानुसार हुनेछन।

क. जनचेतना तथा क्षमता विकास।

ख. खोर, गोठ निर्माण र सुधार।

ग. बाख्रा, भैंसी\राँगो, सुँगुर/वंगुर, कुखुरा आदिको वितरण तथा प्रवर्द्धन।

घ. पशु आहार तथा पोषण व्यवस्थापन।

ङ. पशु स्वास्थ्य सेवा सुदृढीकरण।

च.कृषकको मागमा आधारित प्रोत्साहन

छ. सुरक्षित मासु प्रशोधन र वितरण क्रियाकलापः वैज्ञानिक तथा सुरक्षित तरिकाले पशु वध गर्न स्लटर हाउसको स्थापना वा सुधार र बध स्थल संचालनको लागि आवश्यक पर्ने उपकरण व्यवस्थापन।

ज. मासु प्रशोधन, प्याकेजिङ, चिस्यान तथा वितरण प्रणाली विकास।

झ. मासु विक्रेताहरूको लागी हाइजिन तालिम।

ञ. वजार व्यवस्थापनः स्थानीय बजारमा उत्पादित मासुको प्रवर्द्धन।

ट. तालिम, भ्रमण, गोष्ठी।

ठ. अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण।

परिच्छेद २

कार्यक्रम संचालन विधि

५. कार्यक्रम संचालन सम्बन्धी विधि

क. समन्वय तथा अनुगमन समितिः कार्यक्रमको प्रभावकारी कार्यान्वयन, समन्वय तथा अनुगमनका लागि आवश्यकता अनुसार समिति गठन गर्न सकिनेछ। पूर्वस्थापित समिति वा संरचना भएमा सोही समितिले उक्त कार्य गर्न सक्नेछ।

ख. कार्यक्रम लक्षित क्षेत्रः आवश्यकता, सम्भाव्यता तथा प्राथमिकताका आधारमा, निर्वाचित जनप्रतिनिधिको सिफारिसमा कृषक, समूह, सहकारी, फर्म, कम्पनी, उद्यमी तथा व्यवसायीलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरीनेछ।

ग. कार्यक्रम सञ्चालन क्षेत्रः आवश्यकता, सम्भावना तथा प्राथमिकताका आधारमा पुतलीबजार नगरपालिका भित्र छनोट गरी कार्यक्रम सञ्चालन गरीनेछ।

६ कार्यक्रम कार्यान्वयन कार्यदल

(१) कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा व्यवस्थापनका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदल गठन गरीनेछः

- प्रमुख प्रशासकीय अधिकृत – संयोजक
- सम्वन्धित प्राविधिक तथा कर्मचारीहरू – सदस्य
- पशु सेवा शाखा प्रमुख – सदस्य सचिव

(२) कार्यक्रम कार्यान्वयन कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. कार्यक्रम सञ्चालनका लागि आवश्यक मापदण्ड तथा लाभग्राही छनोटका आधार निर्धारण गर्ने।

ख. लक्षित कृषक, समूह, सहकारी, फर्म तथा व्यवसायीहरूको तथ्याङ्क संकलन, सूचना प्रवाह तथा अभिलेखीकरण गर्ने।

ग. प्राप्त निवेदन तथा प्रस्तावहरूको मूल्याङ्कन गरी योग्य लाभग्राही छनोटका लागि सिफारिस गर्ने।

घ. कार्यक्रम अन्तर्गत सञ्चालित गतिविधिहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने।

ङ. अनुदान प्राप्त गर्ने लाभग्राहीको नामावली स्वीकृतिका लागि पेश गर्ने तथा आवश्यक सूचना सार्वजनिक गर्ने।

च. अनुदान रकम तथा व्यवसाय विस्तार सम्बन्धी प्रस्ताव स्वीकृतिका लागि सिफारिस गर्ने।

छ. कार्यक्रम कार्यान्वयन सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने।

७.कार्यक्रम सञ्चालन प्रकियाः

क. कार्यक्रम सञ्चालनका लागि वार्षिक स्वीकृत कार्यक्रम तथा बजेटको आधारमा सूचना प्रकाशन गरीनेछ।

ख. इच्छुक कृषक, समूह, सहकारी, फर्म वा व्यवसायीले तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

ग. प्राप्त निवेदनहरूको आवश्यक मापदण्डका आधारमा मूल्याङ्कन तथा स्थलगत अनुगमन गरीनेछ।

घ. मूल्याङ्कनको आधारमा योग्य लाभग्राही छनोट गरी स्वीकृत गरीनेछ।

ङ. छनोट भएका लाभग्राहीसँग आवश्यकतानुसार सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरीनेछ।

च. कार्यक्रम सम्पन्न भएपछि अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनका आधारमा अनुदान वा प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

छ. स्वीकृत आवेदकहरूसँग सम्वन्धीत कार्यालयले अनुसूची-४ बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यकम संचालन गर्नुपर्नेछ।

ज. समन्यव तथा अनुगमन र कार्यक्रम व्यवस्थापन कार्यमा विनियोजित बजेटको ५ प्रतिशत मात्र खर्च गर्न सकिनेछ।

झ. कृषकहरुले माग गरेको कार्यक्रमको आवश्यकता र प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्न सकिनेछ।

ञ. आवश्यकता अनुसार बजेटको परिधिभित्र रही दफा ८ को नियम(ख) को (२)(३)(४) बमोजिम कार्यक्रम संचालन गर्न सकिनेछ।

८. प्रदान गरीने कार्य, सहुलियत र अनुदानः

क. कार्यक्रम अन्तर्गत स्वीकृत लाभग्राहीलाई व्यवसाय विस्तार, उत्पादन वृद्धि, पूर्वाधार निर्माण, प्रविधि हस्तान्तरण तथा क्षमता विकासका लागि उपलब्ध बजेटको परिधिभित्र रही अनुदान तथा प्रोत्साहन सहयोग प्रदान गरीनेछ। कार्यक्रमको प्रकृति अनुसार यसरी प्रदान गरीने अनुदान नगद, वस्तुगत वा दुबै प्रकृतिको हुन सक्नेछ ।

ख. सुविधाको सीमाः कार्यक्रम अन्तर्गत सञ्चालन गरीने पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछः

(१) व्यावसायिक प्रयोजनका पशुपन्छी तथा मत्स्य विकास पूर्वाधारहरू (कृषक समूह वा सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरू र दर्तावाला पशुपन्छी फर्मको माग गरेको हकमा ६०% हुनेछ । तर अधिकतम बजेट र मागमा आधारित कार्यालयले सिमा निर्धारण गरी उपलब्ध गराउनेछ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पशुपन्छी उत्पादन तथा उत्पादकत्व वृद्धि, आहार व्यवस्थापन सुधार, तथा व्यवसाय प्रवर्द्धनको उद्देश्यले आवश्यकता, औचित्य र कार्यक्रमको प्रकृतिका आधारमा जस्तै (घाँसको बीउ, बेर्ना, साइलेज तथा पशुपन्छी आहारामा) शतप्रतिशत (प्रतिशत १००)सम्म अनुदान उपलब्ध गराउन सकिनेछ। यस्तो अनुदान उपलब्ध गराउँदा कार्यक्रम कार्यान्वयन कार्यदलको सिफारिसमा आर्थिक बिकास समितिको निर्णयअनुसार तथा स्वीकृत बजेटको सीमाभित्र रही प्रदान गरीनेछ।

(३) कुखुराको दाना र चल्लाको हकमा १००% हुनेछ।

(४)प्राविधिक कार्य प्रसार,तालिम गोष्ठी, स्वास्थ्य सामाग्री तथा औषधि, स्वास्थ्य मासु उत्पादनको लागि वधस्थल संचालन गर्न उपकरण वा अन्य व्यवस्थापन जस्ता कार्यको लागी कार्यालय वा सार्वजनिक निकायबाट सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम १००% हुनेछ।

(५) मागमा आधारित सिमा निर्धारण गरी बंगुरका पाठा, पाठी पालन गरीरहेको साना कृषकहरु लाई ६०% अनुदान उपलब्ध गराउनेछ।

## परिच्छेद-३

## अनुगमन तथा छनौट

### ९. अनुगमन तथा छनौट

क. कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सम्बन्धीत कार्यालयले नियमित अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

ख. पूर्व अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त प्रतिवेदन र सिफारिसका आधारमा नगर प्रमुखको संयोजकत्वमा देहाय बमोजिमको पदाधिकारीहरु बैठक बसी लाभग्राही छनोट, कार्यक्रमको समीक्षा तथा आवश्यक निर्णय गरीनेछ। उक्त निर्णयका आधारमा स्वीकृत लाभग्राहीहरूको नामावली सार्वजनिक गरीनेछ।

- नगर प्रमुख - संयोजक
- नगर उपप्रमुख - सदस्य
- प्रमुख प्रशासकिय अधिकृत - सदस्य

- आर्थिक विकास समिति संयोजक - सदस्य
- सम्वन्धित वडा कार्यालयका वडा अध्यक्ष - सदस्य
- पशु सेवा शाखा प्रमुख – सदस्य सचिव

ग. कार्यक्रम सञ्चालनको क्रममा तथा कार्य सम्पन्न भएपछि स्थलगत अनुगमन गरी प्रगति, उपलब्धि र सम्झौता बमोजिमको कार्य सम्पादन भए नभएको यकिन गरीनेछ।

घ. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सुझाव तथा निष्कर्षका आधारमा आवश्यक सुधारात्मक कार्य गरीनेछ।

ङ. अनुदान प्राप्त लाभग्राहीले कार्यक्रम सम्बन्धी आवश्यक विवरण, अभिलेख तथा जानकारी अनुगमन टोलीलाई उपलब्ध गराउनुपर्नेछ।

च. आवेदन पेश गर्न देहाय बमोजिमको मापदण्ड पुरा भएको हुनुपर्नेछ ।

| समुह\सहकारीको हकमा | निजि फर्मको हकमा | अन्य कृषकको हकमा |
|---|---|---|
| क. पशुपन्छी पालन गरी रहेको सकृय हुनु पर्ने ।<br>ख. कर चुक्ता गरेको हुनु पर्ने।<br>ग. लेखा परीक्षण गरेको हुनु पर्ने।<br>घ. दर्ता भएको कम्तिमा एक आर्थिक वर्ष पुरा भएको हुनु पर्ने। | क. सम्बन्धित सरकारी निकायमा फर्म दर्ता भएको हुनु पर्ने।<br>ख. नियमित पशुपन्छी पालन गरेको हुनुपर्ने । | क. निर्वाचित वर्तमान जनप्रतिनिधिले आवश्यकता, औचित्यको आधारमा सिफारिस हुनु पर्ने । |

परिच्छेद-४

विविध

१०. कार्यक्रमको जानकारी दिनुपर्ने:

(१) अनुदानमा सञ्चालित पूँजीगत प्रकृतिको कार्यक्रमको हकमा सम्वन्धीत अनुदानग्राहीले आफूले सञ्चालन गरेको कार्यक्रम सम्वन्धी जानकारीमूलक विवरण अनुसूची-८ बमोजिमको ढाँचामा तयार गरी कार्यक्रम स्थलमा सबैले देखने गरी राख्नु पर्नेछ।

११. बीमा गर्नु पर्नेः

क. यस कार्यविधि अनुसार नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहीले पशुपन्छी तथा मत्स्यको बीमा गर्नु पर्नेछ।

ख. बीमा नगरेको अवस्थामा पुग्न जाने क्षतिको लागी अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ।

१२. असुल उपर हुनेः कार्यबिधि बमोजिम अनुदानग्राहीले प्राप्त गरेको अनुदान रकम सम्वन्धीत कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गरेको पाईएमा वा अनुदान रकमको दुरुपयोग भएको प्रमाणित भएमा वा सम्झौताको तोकिएको शर्त विपरित भएमा सम्वन्धित पक्षबाट प्रचलित कानून बमोजिम असुल उपर गरीनेछ ।

१३. दोहोरो सुविधा लिन नपाउनेः

क. अनुदानग्राहीले एउटै प्रकृतिको कामको लागी एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन तर अन्य साझेदार निकायसँगको सम्झौता र लागत अनुमानमा साझेदारीको हिस्सा स्पष्ट उल्लेख गरीएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्ने छैन। यस्तो अनुदान एक वर्षमा एक पटक मात्र हुनेछ ।

ख. अनुदान प्रवाह गर्दा विगतमा अनुदान प्राप्त नगरेकाहरूलाई प्राथमिकता दिनु पर्नेछ।

ग. क्षमता विस्तार गर्न वा फरक कार्य गर्ने गरी एउटै अनुदानग्राहीलाई अनुदान प्रदान गर्न बाधा पर्ने छैन।

१४. जिम्मेवारी हुनेः कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ तथा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को पालना गरी वित्तीय अनुशासन कायम गर्ने/गराउने तथा गुणस्तरीय कार्य सम्पादनको सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयको प्रमुख प्रशासकिय अधिकृतको हुनेछ।

१५. गुनासो व्यवस्थापनः अनुदान सम्बन्धी कुनै गुनासो भएमा सम्वन्धीत कार्यालयमा निवेदन दिने सकिनेछ। त्यस्तो गुनासोको व्यवस्थापन कार्यालय प्रमुखसँगको समन्वयमा गर्न सक्नेछ।

१६. व्याख्या, संशोधन र बाधा अड्काउ फुकाउः

क. यस कार्यविधिको आवश्यक व्याख्या कार्यालयले गर्न सक्नेछ।

ख. कार्यक्रमको कार्यान्वयनमा बाधा अड्काउ परेमा यस कार्यविधिको उद्देश्य विपरित नहुने गरी कार्यालयले बाधा अड्काउ फुकाउन र कार्यविधि संशोधन गर्न सक्नेछ।

१७. प्रचलित कानुन बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयहरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

तुलसी राम [illegible]
नगर प्रमुख

अनुसुची - १

आवेदन मागको सार्बजनिक सुचना

प्रथम पटक प्रकाशन मिति.........

यस कार्यालयको आ.व. .............को स्वीकृत बार्षिक कार्यक्रम अनुसार पशुपन्छी व्यवसायिक स्तर बृद्धि प्रोत्साहन परियोजना कार्यक्रम सम्बन्धी कार्यविधि, २०८३ बमोजिम देहायका कार्यक्रमहरु ६० % अनुदानमा प्राथमिकता आधारमा माग अनुसार तपशिल बमोजिमका कार्य संचालन गर्न ईच्छुक कृषक, पशुपन्छी सम्बन्धित व्यवसायहरु, पशुपन्छी फार्महरुले यो सुचना प्रकाशित गरेको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र यस कार्यालयमा आवेदन दर्ता गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त आवेदनहरु छनौटमा समावेश नगरिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र. स. | संचालन गर्न सकिने कार्यक्रम | कैफियत |
|---|---|---|
| १ | पशुपन्छी सम्बन्धित मागमा अधारित प्रोत्साहन कार्यक्रम | |

आवश्यक कागजातहरु

१. अनुसुची २ बमोजिमको आवेदन ।

२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।

३. संम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्र/कर चुक्ताको प्रतिलिपि,

४. संम्बन्धित वडा कार्यलयको सिफारिश ।

अनुसुची - १

आवेदन मागको सार्बजनिक सुचना

प्रथम पटक प्रकाशन मिति.........

यस कार्यालयको आ.व. ............को स्वीकृत बार्षिक कार्यक्रम अनुसार पशुपन्छी व्यवसायिक स्तर बृद्धि प्रोत्साहन परियोजना कार्यक्रम सम्बन्धी कार्यबिधि, २०८३ बमोजिम देहायका कार्यक्रमहरु ६० % अनुदानमा प्राथमिकता आधारमा माग अनुसार तपशिल बमोजिमका कार्य संचालन गर्न ईच्छुक कृषक, पशुपन्छी सम्बन्धित व्यवसायहरु, पशुपन्छी फार्महरुले यो सुचना प्रकाशित गरेको मितिले १५ औ दिनसम्म कार्यालय समय भित्र यस कार्यालयमा आवेदन दर्ता गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त आवेदनहरु छनौटमा समावेश नगरिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र. स. | संचालन गर्न सकिने कार्यक्रम | कैफियत |
|---|---|---|
| १ | पशुपन्छी सम्बन्धित मागमा अधारित प्रोत्साहन कार्यक्रम | |

आवश्यक कागजातहरु

१. अनुसुची २ बमोजिमको आवेदन ।

२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।

३. संम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्र/कर चुक्ताको प्रतिलिपि,

४. संम्बन्धित वडा कार्यलयको सिफारिश ।

अनुसुची - २

निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु,
पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
स्याङ्गजा ।

बिषय- आवेदन पेश गरिएको बारे ।

तहाँ कार्यालयको मिति ........................ गतेको सुचना अनुसार पशुपन्छी व्यवसायिक स्तर बृद्धि प्रोत्साहन कार्यक्रम अन्तर्गत सञ्चालन गर्न ईच्छुक रहेकोले आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु । कार्यक्रम सञ्चालनमा नियमाअनुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिबद्धता समेत ब्यक्त गर्दछु ।

| क्र.स. | कार्य गर्न सकिने कार्यक्रमको | हाल पालिएको पशु संख्या |
|---|---|---|
| १ | ................. | १ कुखुरा-<br>२ बाखा-<br>३ गाई-<br>४ भैसी-<br>५ सुंगुर \बंगुर |

नोट- आवेदकहरुले संचालन गर्ने सक्ने १ मात्र कार्यक्रम आवश्यकता अनुसार माग गर्ने ।

निवेदक

नाम-

ठेगाना-

दस्तखत-

मो.नं.-



नगर प्रमुख

अनुसुचि- ३

आवश्यक कागजातको सुची

१. अनुसुची २ बमोजिमको आवेदन ।

२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।

३. समुह/सहकारीको हकमा, सम्बन्धित सरकारी निकायमा दर्ता/ नबिकरण भएको प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नब्बर र कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपी, लेखा परिक्षणको प्रतिवेदन ।

४. निजी फार्मको हकमा फार्म दर्ता प्रमाण पत्र/कर चुक्ताको प्रतिलिपि, हुनु पर्ने ।

५. नि- शुल्क पाउनेको हकमा अधिकार प्राप्त जनप्रतिनीधीको सिफारिश ।

६. निमार्ण कार्यको हकमा लागत इस्टिमेट, मूल्याङ्गन ,सम्बन्धित वडा कार्यालयको सिफारिश र कार्य सम्पन्नको फोटो ।

७. बंगुरको पाठा पठीको हकमा वडाको सिफारिस।

८. प्रचलित कानुन बमोजिमका अन्य कागजातहरु।

अनुसूची- ४

द्विपक्षीय सम्झौता

पुतलीबजार नगरपालिका आर्थिक बर्ष ............ को स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सञ्चालन गर्न श्री पुतलीबजार नगरपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र श्री समुह/सहकारी/ फर्म / लक्षित बर्ग (यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल बमोजिमका शर्तहरु परिपालना गरी कार्यक्रम सञ्चालन गर्ने गरी यो द्विपक्षीय सम्झौता गरी दियौं/लियौं।

तपसिल

१. प्रथम पक्षले यस सम्झौता मुताविकको कार्यक्रम सञ्चालनका लागि ........प्रतिशत दोस्रो पक्षलाई अनुदान उपलब्ध गराउनेछ ।

२. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्य-योजना मुताविकका सम्पूर्ण कार्यहरु प्राविधिक मापदण्ड/नम्सको अधिनमा रही सम्पन्न गर्नेछ।

३. कार्यक्रम सञ्चालनका लागि आवश्यक, सुपरभिजन, बिल भर्पाई र कार्य सम्पन्न प्रतिवेदन लगायतका कार्यहरु तथा खरिद, ढुवानी, सञ्चालन व्यवस्था आदी प्रथम पक्षको हुनेछ। तर निर्माण कार्यको हकमा अनुगमन र सुपरभिजन बाहेक सबै कार्य दोस्रो पक्षले गर्नु पर्नेछ ।

४. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव प्रदान गर्न सक्नेछ ।

५.दोस्रो पक्षले यस कार्यक्रम सञ्चालनका दौरानमा व्यवस्थापन, जोखिम र दीगोपनका लागि गरिने सम्पूर्ण कार्यहरु तथा उपचार सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

६. दोस्रो पक्षले प्रगति, उपलब्धी एवं कारोबार सम्बन्धि विवरणहरु प्रथम पक्षलाई उपलब्ध गराउनेछ ।

७. दोस्रो पक्षले अनुदानबाट प्राप्त पशुको बिमा कागजातहरुको प्रतिलिपी प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

तुलसी राम रेग्मी
नगर प्रमुख

८. कार्यक्रम सञ्चालनको दौरान कुनै कुरा परिमार्जन गर्नु परेमा वा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

९. दोस्रो पक्षवाट अनुदान रकमको दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षीय रुपमा सम्झौता भङ्ग गरी हिनामिना भए वरावरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सिफारिश गर्न सक्नेछ ।

१०. यस सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फवाट |
|---|---|
| हस्ताक्षर<br>नामः<br>ठेगानाः<br>संस्थाको नामः | हस्ताक्षर<br>नामः<br>पदः<br>कार्यालयः |
| रोहवर<br>हस्ताक्षर<br>नामः<br>ठेगानाः | रोहवर<br>हस्ताक्षर<br>नामः<br>पदः |

इति सम्वत .......... साल ......... महिना ..... गते ...... रोज शुभम् ।

नोट- कार्यालयले सार्बजनिक खरिद नियमावलीको अधिनमा रही द्विपक्षिय सम्झौताका बुँदाहरुमा आवश्यक संशोधन गर्न सक्नेछ ।